# स्थानीय राजपत्र

| सूर्यगढी गाउँपालिका, चोकदे, नुवाकोटद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ११ | संख्या २ | मितिः २०८३/०२/०१ |

## भाग २

## सूर्यगढी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०१/३१

सम्वत् २०८३ सालको कार्यविधि संख्या २

## व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७९ (प्रथम संशोधन)

**प्रस्तावनाः**

ग्रामिण क्षेत्रमा विद्यमान पशुपालन प्रणालीलाई आधुनिकीकरण, व्यवसायीकरण र दिगो बनाउन, दुध उत्पादनमा आत्मनिर्भर भई कृषकहरूको आयस्तर वृद्धि गर्न र गाउँपालिकाद्वारा दुध उत्पादक कृषकहरूलाई उपलब्ध गराइने उत्पादनमा आधारित अनुदान वितरण प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी, न्यायोचित र परिणाममुखी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सूर्यगढी गाउँ कार्यपालिकाले यो "**व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७९**" लाई परिमार्जन गरी यो संशोधन कार्यविधि जारी गरेको छ।

### परिच्छेद १
### परिचय

**(१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **"व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७९"** रहेको छ।

ख) यो कार्यविधि तुरून्त लागु हुनेछ।

**(२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यालय"** भन्नाले सूर्यगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चोकदे, नुवाकोटलाई सम्झनु पर्दछ।

ख) **"कार्यविधि"** भन्नाले कार्यालयले तयार परेको "व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७९" लाई सम्झनु पर्दछ।

ग) **"दुध"** भन्नाले दुधालु गाई/भैंसी को कल्चौडाबाट प्राप्त हुने ताजा, सफा, स्वच्छ र कुनै मिसावट रहितको (बिज्ञानले परिभाषा गरे अनुसारको) तरल पदार्थलाई सम्झनु पर्दछ।

घ) **"दुग्ध उत्पादक कृषक"** भन्नाले गाई/भैंसी पालन व्यवसाय संचालन गरि दुध उत्पादन गरि बिक्री वितरण गर्ने कृषक, व्यवसायी, समुह तथा कृषि सहकारी संस्थालाई सम्झनु पर्दछ।

ङ) **"व्यवसायिक कृषक"** भन्नाले दुध तथा दुग्ध पदार्थ उत्पादन, प्रशोधनर बजारीकरण गर्ने गरि गाई/भैंसी पाल्ने र दुध उत्पादन गर्ने व्यक्ति, समुह,सहकारी वा संस्था समेतलाई सम्झनु पर्दछ।

च) **"शाखा"** भन्नाले सूर्यगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको पशु सेवा शाखा सम्झनु पर्दछ।

**(३) उदेश्यः** यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ।

क) दुग्ध जन्य पदार्थ उत्पादनमा आत्मनिर्भर बन्न अनुदान वितरण नीतिलाई प्रक्रियामुखीबाट परिणाममुखी बनाउने।

ख) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवम् दिगोव्यवसाय बनाउन प्रोत्साहन गर्ने।

ग) साना तथा व्यवसायिक कृषकहरूको दुग्ध उत्पादन संकलन गरि संगठित रूपमा दुग्ध जन्य पदार्थ उत्पादन, प्रशोधन तथा उपभोगमा प्रवर्द्धन गर्ने।

घ) उत्पादनको आधारमा वितरण हुने अनुदान रकमको सहि, दक्ष र प्रभावकारी रूपमा वितरण र सदुपयोग गर्ने/गराउने।

## परिच्छेद-२
## संस्थागत व्यवस्था

**(४) निर्देशक समितिको गठन :**

क) दुध उत्पादन अनुदान सम्बन्धि कार्यको निर्देशन गर्न देहाय बमोजिमको एउटा निर्देशक समिति गठन हुनेछ।

**१. गाउँपालिका अध्यक्षः संयोजक**

**२. प्रमुख प्रशासकीय अधिकृत : सदस्य**

**३. वडा अध्यक्ष (सबै वडाका) : सदस्य**

**४. पशुपन्छी शाखा प्रमुख : सदस्य सचिव**

ख) निर्देशक समितिको काम, कर्तब्य र अधिकार :

१. कार्यविधिको कार्यान्वयन गर्ने शिलशिलामा कुनै द्विविधा उत्पन्न भएमा अन्तिम निर्णय गर्ने।

२. समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा कार्यान्वयन अघि बढाउने।

३. अनुदान रकमको प्रभावकारिता विषयको स्थलगत अध्ययन अनुगमन गर्ने।

४. सम्बन्धित शाखाबाट संकलित दुग्ध विक्रि सम्बन्धीको विवरण आवश्यक अनुगमन, निरिक्षण गरी कार्यपालिकामा निर्णयका लागि सिफारिस गर्ने ।

५. यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा औचित्य र कारण सहित गाउँ कार्यपालिकामा पेश गर्ने।

**(५) अनुगमन समितिको गठनः**

क) दुध उत्पादन अनुदान सम्बन्धि कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समिति गठन हुनेछ।

**१. गाउँपालिका उपाध्यक्षः संयोजक**

**२. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको १ जना कर्मचारी : सदस्य**

**३. गाउँ कार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्य (१ जना) : सदस्य**

ख) अनुगमन समितिको काम, कर्तब्य र अधिकारः

१. अनुदान रकमको सहि सदुपयोग भए-नभएको विषयमा संचालित कार्यक्रमको आवश्यकता अनुसार अध्ययन तथा अनुगमन गर्ने।

२. अनुगमनको क्रममा कार्यविधि विपरितको कार्य भएको पाईएमा आवश्यक कारवाहीका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने।

**(६) दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति, समुह, सहकारी वा संस्था, निजि डेरीको काम, कर्तब्य र अधिकारः**

क) दुग्ध उत्पादक कृषकले बिक्रीका लागि ल्याएको दुध खरिद गरि लिने र रेकर्डका लागि दैनिक दुध खरिद बिक्री सम्बन्धि रजिष्टर तयार पारि दुरूस्त अभिलेख राख्ने र सम्बन्धित दुध बिक्री गर्ने कृषकहरूको कृषक दुग्ध पासबुक (अनुसूचि ३ बमोजिमको ढाँचामा) मा दैनिक रुपमा भर्ने।

ख) यस कार्यविधी अनुसार गठित समिति तथा शाखाका कर्मचारी अनुगमनमा आउँदा आवश्यकता अनुसार समन्वय, सहजिकरण तथा माग भए बमोजिम कागजात तथा अभिलेख उपलब्ध गराउने।

**(७) दुग्ध उत्पादक कृषकको काम, कर्तब्य र अधिकार :**

क) मासिक तथा चौमासिक रुपमा कृषक दुग्ध पासबुक स्वयंले, दुग्ध पदार्थ संकलक व्यक्ति, समुह, सहकारी संस्था वा निजि डेरि मार्फत र सम्बन्धित वडाका वडा अध्यक्षबाट समेत प्रमाणित गराई अनुसूचि २ बमोजिमका सम्पुर्ण कागजात सहित शाखामा बुझाउने।

ख) दुग्ध उत्पादक कृषकले दुध बिक्रि गर्दा अनिवार्य रुपमा यस सूर्यगढी गाउँपालिकामा रहेका कानुन बमोजिम दर्ता भएका र यस कार्यक्रममा सहभागी भएका संकलन केन्द्र/समुह/सहकारी संस्था/निजि डेरीमा बिक्रि गरेको हुनु पर्नेछ।

ग) स्वच्छ दुध उत्पादन गरि संकलन केन्द्र सम्म निर्धारित समयावधी भित्र पुर्याउने।

**(८) शाखाको काम, कर्तब्य र अधिकारः**

क) दफा (७) को उपदफा (क) बमोजिम दुग्ध उत्पादक कृषकहरूले उपलब्ध गराएको दुधको संकलन तथा बिक्री सम्बन्धी विवरण चौमासिक रूपमा निर्देशक समितिमा पेश गर्ने।

ख) कार्यपालिको स्विकृति पश्चातः दुग्ध खरिद बिक्री सम्बन्धी विवरण सहित अनुदान रकम भूक्तानीका लागि शाखाले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने।

ग) यो कार्यविधिको प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि आवश्यक अनुगमन तथा निरिक्षण गर्ने।

घ) निरिक्षण गर्दा उद्देश्य अनुरूप भएको नपाईएमा प्रचलित कानुन बमोजिम कारवाहीका लागि निर्देशक समितिलाई सिफारिस गर्ने।

## परिच्छेद-३
## कार्यक्रम संचालन प्रक्रिया

**(९) प्रस्ताव आह्वान**ः दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति, समुह, सहकारी संस्था तथा निजि डेरीहरूलाई कार्यक्रममा सहभागी हुन अनुसूची १ बमोजिम १५ दिने सूचना प्रकाशन गर्नुपर्नेछ।

**(१०) प्रस्ताव दर्ता**ः दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति, समुह, सहकारी संस्था तथा निजि डेरीहरूले अनुसूची २ बमोजिमको आवेदन फारममा उल्लेखित सम्बन्धित आवश्यक कागजात संलग्न गरि दफा ९ बमोजिमको समयावधी भित्र शाखामा दर्ता गर्नुपर्ने छ।

## परिच्छेद-४
## आर्थिक पक्षः

**(११) अनुदान रकम र भूक्तानीः**

क) कार्यालयले अनुदान रकम वितरण तथा दुध बिक्री सम्बन्धी विवरण संकलनका लागि चौमासिक रुपमा सूचना प्रकाशन गर्ने।

ख) दुग्ध उत्पादक कृषकले अनुसूची ४ बमोजिमको ढाँचामा अनुदान रकम प्राप्त गर्नका लागि शाखामा निवेदन पेश गर्नु पर्नेछ।

ग) दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमसँग सम्बन्धित बजेट शिर्षकबाट खर्च लेखि सम्बन्धित दुग्ध उत्पादक कृषकलाई बिक्री गरेको दुधको विवरणको आधारमा प्रति लिटर रू. ५।- का दरले अनुदान रकम उपलब्ध गराईनेछ।

घ) अनुदान रकम सम्बन्धित दुग्ध उत्पादक कृषकको बैंक खाता मार्फत भूक्तानी गरिनेछ।

सूर्यगढी गाउँपालिका

ङ) गाउँपालिका बाहिरबाट उत्पादित तथा संकलित दुधको हकमा यस गाउँपालिकाबाट प्राप्त गर्ने अनुदान रकम भूक्तानी गर्न गाउँ कार्यपालिका बाध्य हुने छैन।

च) गाउँपालिका भित्रको कुनै एक संकलन केन्द्रबाट संकलन गरि अर्को संकलन केन्द्रसम्म पुर्‍याउदा दोहोरो नपर्ने गरि अनुदान रकम वितरण गर्नु पर्नेछ।

छ) उपदफा (ग) र (घ) विपरितको कार्य गरि कसैले भूक्तानी लिएको पाईएमा प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ।

ज) कार्यविधि पास भएको आर्थिक वर्ष देखि अथवा श्रावण महिना देखि नै अनुदान रकम दुग्ध उत्पादक कृषकलाई चौमासिक रुपमा अनुदान रकम वितरण गर्नेछ।

झ) कृषक अभिमुखिकरण तालिम, कृषक पासबुक छपाई तथा वितरण आवश्यकता अनुसार विनियोजित बजेटको अधिनमा रहि खर्च गर्न सकिने छ।

## परिच्छेद-५
## विविध

**(१२) गुनासो सम्बन्धि व्यवस्थाः** यस कार्यविधिको कार्यान्यवनको क्रममा तोकिए बमोजिम अनुदान रकम प्रवाह नगरेको, दुग्ध उत्पादक कृषकले अनुदान वापतको रकम पाए-नपाएको वा अनुदान रकम वितरणमा समस्या लगायतका गुनासो सुन्ने तथा सोको आधारमा आवश्यक काम कारवाही अघि बढाउने कार्य समेत निर्देशक समितिले गर्नेछ।

**(१३) खारेजी तथा बचाउः**

क) सूर्यगढी गाउँपालिका गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन एवम् हेरफेर गर्न सक्नेछ।

ख) यस कार्यविधिमा भएका कुराहरू यसै कार्यविधि बमोजिम तथा यसमा उल्लेख नभएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

ग) यस अघि भएका कामकारवाहीहरू समेत यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**अनुसूची १**

(दफा ९ सँग सम्बन्धित)

**कार्यक्रममा सहभागीता तथा निरन्तरताका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!**

प्रथम पटक सूचना प्रकाशित मितिः ...............................

सूर्यगढी गाउँपालिकाको आ.व. ................. को वार्षिक स्विकृत कार्यक्रम अनुसार व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा स्थानीय तहमा वा कानुन बमोजिम सरकारी निकायमा दर्ता भएका निजि डेरी/संकलक व्यक्ति/समूह/सहकारी संस्थाहरूले सहभागीता तथा निरन्तरताका लागि आवेदन फारम भरि तहाँ निजि डेरी/संकलक व्यक्ति/समुह/सहकारी संस्थामा नियमित रूपमा दुध बिक्री गरिरहेका दुग्ध उत्पादक कृषकहरूलाई दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी गराउन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र सूर्यगढी गाउँपालिका पशु विकास शाखामा अनुसूची २ बमोजिम आवेदन फारम भरि पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

सूर्यगढी गाउँपालिका

**अनुसूची २**

(दफा १० सँग सम्बन्धित)

मितिः ..........................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,
सूर्यगढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
चोकदे, नुवाकोट।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा मिति ..............................प्रकाशित सूचना अनुसार यस व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारितअनुदान वितरण कार्यक्रममा सहभागी हुन चाहेकोलेसो प्रयोजनका लागि तपसिल अनुसारकोविवरणर अन्य आवश्यक कागजात समेत संलग्न गरि आवेदन पेश गरेका छौं।

<u>तपसिल</u> :

**१. सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि।**

**२. संस्था/व्यवसायदर्ता प्रमाणपत्रको प्रतिलिपि। (व्यवसायी/निजि डेरी/समूह/सहकारी संस्थाको हकमा)**

**३. कर चुक्ता को प्रमाणपत्र प्रतिलिपि। (व्यवसायी/निजि डेरी/समूह/सहकारी संस्थाको हकमा)**

**४. PAN दर्ताको प्रमाणपत्र तथा PAN नं। (व्यवसायी/निजि डेरी/समूह/सहकारी संस्थाको हकमा)**

**५. संकलन केन्द्रहरूको विवरण। (निजि डेरी/समूह/सहकारी संस्थाको हकमा)**

**<u>आवेदकः</u>**
नामः
ठेगानाः
सही छापः

सूर्यगढी गाउँपालिका

**अनुसूची ३**

(दफा ६ को उपदफा (क) सँग सम्बन्धित)

सूर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे नुवाकोट

## कृषक दुग्ध पासबुक

डेरीको नाम :
कृषकको नाम :
ठेगाना :
नागरिकता नं :
मोबाईल नं :

आ.व. : महिना :

| मिति | बिहानको दुध परिमाण | फ्याट प्रतिशत | रकम | बेलुकाको दुध परिमाण | फ्याट प्रतिशत | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

.................... .................... ....................

कृषकको सहि संकलकको सहि वडा अध्यक्षको सहि

**अनुसूची ४**

(दफा ११ को उपदफा (ख) सँग सम्बन्धित)

मितिः ..........................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,
सूर्यगढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
चोकदे, नुवाकोट।

विषयः अनुदान रकम उपलब्ध गराई पाउँ।

महोदय,

प्रस्तुत विषयमा सादर निवेदन यो छ कि मैले/हाम्रो संस्थाको सूर्यगढी गाउँपलिका वडा नं ............ अन्तर्गत ............बजार/टोलमा दुध संकलन गरि ............ अन्तर्गतको ........... दुग्ध संकलन केन्द्र/डेरी/समुह/सहकारी/चिस्यान केन्द्रलाई दुध बिक्री वितरण गर्दै आएको र मिति ........... गते देखि मिति ............. गते सम्म जम्मा ............ महिनाको दुध बिक्री गरेको रेकर्ड समेत वडा अध्यक्षबाट समेत प्रमाणित गराई यसै निवेदन साथ संलग्न गरि पेश गरेको छु। सूर्यगढी गाउँपालिका दुग्ध उत्पादक कृषकहरूलाई प्रतिलिटर रू ५।- का दरले अनुदान रकम वितरण गर्ने नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार ............ लिटर दुधको जम्मा रू ............................ (अक्षरेपी ...............................रूपैंया) मात्र म .................................. को नाममा अनुदान रकम उपलब्ध गराईदिनुहुन सादर अनुरोध गर्दछु।

निवेदकः
नामथरः
ठेगानाः
नागरिकता नः
खाता नः
मोबाईल नः
सही छापः

आज्ञाले,
शैलेश किरण राई चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत